क.द.नं.: १६८७१३/०७३/०७४
ने.रा.बैंक/इ.पा./घः ५८/०७४/०७५
पान नं.: ६०५८३८४४७

# चौंथो

# आ.व. २०७६/०७७ को संक्षिप्त वार्षिक आर्थिक विवरण तथा चौंथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

साधना लघुवित्त वित्तीय संस्था लि.
SADHANA LAGHUBITTA BITTIYA SANSTHA LTD.
नेपाल राष्ट्र बैंकबाट घ वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय : गोरखा नगरपालिका-६, हरमटारी, गोरखा । फोन नं.: ०६४-४२०५०३

Website:- www.sadhanalaghubitta.com.np
Email: sadhanamf2074@gmail.com

# साधारण सभामा आफ्नो प्रतिनिधि नियुक्ती गर्ने निवेदन (प्रोक्सी फारम)

कम्पनी ऐन,२०६३ को दफा ७१ को उपदफा (३)संग सम्वन्धित

श्री सञ्चालक समिति,
साधना लघुवित्त वित्तीय संस्था लिमिटेड
हरमटारी-६, गोरखा।

**बिषय : प्रतिनिधि नियुक्ति गरेको बारे।**

महाशय,

..................................जिल्ला..........................न.पा./गा.पा.वडा नं.........बस्ने म/हामी ....................................................ले त्यस कम्पनीको शेयरधनीको हैसियतले सम्वत् २०७७ साल पौष महिना २९ गते बुधवारका दिन हुने चौंथो बार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि .......................जिल्ला .........................न.पा./गा.पा. वडा नं..........बस्ने त्यस कम्पनीका शेयरधनी श्री ...................... ...................................लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएका छु/छौ।

प्रतिनिधि नियुक्त भएको ब्यक्तिको :
हस्ताक्षरको नमूना :
शेयरधनी नं. :
शेयर प्रमाणपत्र नं. :
मिति :

निवेदक
दस्तखत
नाम :
ठेगाना :
शेयर प्रमाणपत्र नं.
शेयर संख्या :

**द्रष्टब्य :** यो निवेदन साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ।

---

## प्रवेश-पत्र

शेयरधनीको नाम.................................................. शेयरधनी नं...........................
शेयर प्रमाणपत्र नं................................................. शेयर संख्या .........................
मिति : २०७७ साल पौष महिना २९ गते बुधवारका दिन हुने साधना लघुवित्त वित्तीय संस्था लि.को चौंथो बार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र।

**द्रष्टब्य**

१. शेयरधनीहरुले माथि उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नु होला।
२. सभाकक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र प्रस्तुत गर्न अनिवार्य छ।

कम्पनी सचिव

# साधना लघुवित्त वित्तीय संस्था लिमिटेड
## चौंथो वार्षिक साधारण सभा सम्बन्धी सूचना !

आदरणीय शेयरधनी महानुभावहरु,

यस साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७७/०९/०७ गते बसेको सञ्चालक समितिको ८४औं बैठकको निर्णयानुसार वित्तीय संस्थाको चौंथो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरीएको छ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति :- २०७७/०९/२९ गते, बुधवार (तदनुसार १३ जनवरी, २०२१)**

**समय :- बिहान ११:४५ बजे**

**स्थान :- होटल गोरखा बिसौनी, गोरखा न.पा.-६, गोरखा**

**छलफलका विषयहरु**

**१.सामान्य प्रस्तावहरु**

क) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

ख) लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व.२०७६/०७७ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी स्वीकृत गर्ने।

ग) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०७६/०७७ को बाह्रय लेखापरीक्षण कार्यको लागि लेखापरीक्षण समितिको सिफारिस मुताविक लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने। (लेखापरीक्षक श्री एस.डि. एण्डएसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स नियुक्तिका लागि योग्य हुनुहुन्छ।)

घ) सर्वसाधारण समूह (समूह ख) बाट सर्वसाधारण शेयर धनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन गर्ने।

ङ) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रु २१,७७,८०,०००/- को ०.९४७३६८% ले हुने रकम रु २०,६३,१७८.९५/- नगद लाभांश (बोनस शेयर तथा नगद लाभांश बापतको कर प्रयोजनका लागि समेत ) पारित गर्ने।

२) **विशेष प्रस्तावहरु**

क) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजी रु २१,७७,८०,०००/- को १८% ले हुने रकम रु ३,९२,००,४००/- बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने।

ख) प्रबन्धपत्रको दफा ६ को खण्ड (ख) र खण्ड (ग) तथा नियमावलीको नियम ३२ को उपनियम (१)को खण्ड (ख) र (ग) मा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने।

ङ) भविष्यमा अन्य कुनै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति/समाहित (Acquisition) सम्बन्धी उपयुक्त प्रस्ताव आएमा सो कार्यका लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्न, सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्न, सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिन, सम्पत्ति तथा दायीत्वको मूल्यांकन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्यांकनकर्ता, लेखापरिक्षक नियुक्त गर्न र निजको पारिश्रमिक निर्धारण गर्न र अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ति गर्ने लगायतका कार्यसँग सम्बन्धित आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने।

च) प्रबन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

**३)विविध**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी थप जानकारी

१. चौंथो वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७७/०९/१६ गते देखि २०७७/०९/२९ गतेसम्म वित्तीय संस्थाको शेयरधनी दर्ता किताब बन्द रहनेछ। मिति २०७७/०९/१५ गतेसम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई प्रचलित कानून बमोजिम वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंमा प्राप्त विवरणको आधारमा कायम शेयर धनीहरु मात्र वार्षिक साधारण सभामा भाग लिन, मतदान गर्न, बोनश शेयर तथा नगद लाभांश पाउन योग्य हुनेछन्।

२. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हितग्राही खातामा अभिलेख गर्नु भएको ठेगानामा साधारण सभा बस्ने मिति, समय, स्थान र छलफलका विषयहरुको सूचना र संक्षिप्त वार्षिक आर्थिक विवरण पठाइने छ। साथै, उक्त विवरणहरु यस लघुवित्त वित्तीय संस्थाको वेवसाइट sadhanalaghubitta.com.np वाट समेत प्राप्त गर्न सकिनेछ।

३. वार्षिक सभामा भाग लिन आउनुहुने शेयरधनीहरु महानुभावहरुले आफ्नो हितग्राही खाता नं. (BOID) तथा परिचय स्पष्ट हुने फोटो सहितको कुनै प्रमाण साथमा लिई आउनु हुन अनुरोध छ।

४. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनी हाजिरी पुस्तिका विहान १०:०० बजे देखि खुल्ला रहनेछ।

५. कुनै शेयर धनी साधारण सभामा स्वयं उपस्थित हुन नसक्ने भै साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयर धनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरू हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय, हरमटारी-६, गोरखामा दर्ता गराई सक्नुपर्नेछ। वित्तीय संस्थाको शेयर धनी बाहेक अरूलाई प्रतिनिधि (प्रोक्सी) दिन पाइने छैन। वित्तीय संस्थाको शेयर धनी बाहेक अरूलाई प्रोक्सी दिएको भए प्रोक्सी बदर हुनेछ। साथै प्रतिनिधि (प्रोक्सी) दिंदा जुन समूहको शेयरधनी हो सोही समूहको शेयरधनीलाई मात्र दिनु पर्नेछ।

६. शेयरधनीहरुले एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाउनु हुने छैन। यसरी दिइएको सम्पुर्ण प्रोक्सी बदर हुनेछ।

७. प्रतिनिधि नियुक्त गरी सकेको शेयर धनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

८. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीको तर्फबाट खटाइएको वा मनोनित गरेको प्रतिनिधिले साधारण सभामा भाग लिन तथा मतदान गर्न पाउने छ।

९.नाबालक वा अशक्त/विक्षिप्त व्यक्ति शेयरधनीहरुको हकमा यस वित्तीय संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन, मतदान गर्न र प्रतिनिधि (प्रोक्सी) तोक्न पाउनु हुनेछ। तर संरक्षक आफै सञ्चालकमा उम्मेदवार हुन र आफू संरक्षक रहेको शेयरवालाको बाहेक अन्य शेयरवालाको प्रतिनिधित्व गर्न वा प्रोक्सी संकलन गर्न पाउने छैन।

१०.वित्तीय संस्थाको सर्वसाधारण शेयरधनी समूहको तर्फबाट प्रतिनिधित्व गर्ने २(दुई) जना सञ्चालकहरुको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ र सो सम्बन्धी सूचना वार्षिक साधारण सभा हुनु भन्दा ७ (सात) दिन अगावै संस्थाको केन्द्रीय कार्यालय हरमटारी-६, गोरखाको सूचना पाटीमा टाँसिनेछ।

११. वार्षिक साधारण सभा तथा सञ्चालक निर्वाचन सम्बन्धी अन्य जानकारी आवश्यक भएमा यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय हरमटारी-६, गोरखाको टेलिफोन नं. ०६४-४२०५०३ मा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन वा स्वयं उपस्थित भै जानकारी लिन हुन अनुरोध छ।

/

# साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको चौंथो साधारण सभाका लागि सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन आ.ब.२०७६/०७७

साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको चौंथो गरिमामय वार्षिक साधारण सभा सम्पन्न गर्न उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरूलाई वित्तीय संस्थाको संचालक समिति तथा मेरो ब्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवंम् अभिवादन गर्दछु।

संस्थाको चौंथो वार्षिक साधारणसभा समक्ष सञ्चालक समितिको अध्यक्षको हैसियतले वित्तीय संस्थाको चौंथो वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा खुशीको महशुष भएको छ। कम आय भएका मानिसहरुलाई अवसर उपलब्ध गराई आत्मनिर्भर वनाउन, कर्जा उपलब्ध गराई आय सिर्जना गर्न, आर्थिक समावेशीताका क्षेत्रमा योगदान गर्नको साथै रोजगारी सिर्जना, वित्तीय चेतना अभिबृद्धि जस्ता कार्यहरु गर्ने उदेश्यका साथ २०७४ साल कार्तिक महिनावाट सेवा शुरु गरेको यस वित्तीय संस्थाले आफ्नो लक्ष्य अनुरुपको सफलता हासिल गर्दै आएको कुरा सगौरव प्रस्तुत गर्न चाहन्छु। उपस्थित शेयरधनी महानुभावहरु, यहाँहरुलाई अवगत नै छ, संस्था स्थापना भएको दुई वर्ष भित्रै हाम्रो उद्देश्य अनुरुप एउटा राष्ट्रिय लघुवित्त संस्थाको रुपमा स्थापित हुन सफल भयौं भने कोभिड १९ को बावजुद पनि तेस्रो वर्षमानै अपेक्षाकृत रुपमा शेयरधनीहरुलाई प्रतिफल दिन सफल भएका छौं। यस सफलता प्राप्त गर्नका लागि शेयर सदस्य महानुभावहरुवाट प्राप्त विश्वास र सद्भाव, कर्मचारीहरुको अथक परिश्रम र नियमनकारी निकायहरुको उचित सुझाव, सहयोग तथा निर्देशनको लागि सञ्चालक समिति हार्दिक आभार ब्यक्त गर्न चाहान्छ।

शेयरधनी महानुभावहरु, अव यहाँहरु समक्ष आर्थिक वर्ष २०७६/७७ मा संस्थाले हासिल गरेका उपलब्धी तथा वित्तीय संस्थाको वासलत, नाफा नोक्सान हिसाव, इक्विटीमा भएको परिवर्तन विवरण, नगद प्रवाह विवरणका साथै संलग्न अनुसूचीहरु स्वीकृतिका लागि गरिमामय यस साधारण सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु। प्रस्तुत वित्तीय विवरण तथा प्रतिवेदनको अध्ययन पश्चात् आगामी दिनहरुमा संस्थाले निर्वाह गर्नुपर्ने भूमिकाका सम्बन्धमा विगतमा जस्तै यहाँहरुवाट प्राप्त हुने सल्लाह, सुझाव, सहयोग तथा सद्भावले वित्तीय संस्थाको भावी कार्ययोजना निर्माण तथा लक्ष्य प्राप्तिमा थप मद्दत पुग्नेछ भन्ने सञ्चालक समिति विश्वस्त छ।

### (क) आर्थिक वर्ष २०७६/०७७ को कारोबारको संक्षिप्त सिंहावलोकन :

विपन्नतासंग जुदै बिशेषगरी ग्रामीण समूदायमा गई उनीहरुको जिवनस्तर उठाउने प्रयास गर्नु चानचुने काम होइन। देशमा आर्थिक अवसर सीमित छ। उद्योग, कलकारखानाको विस्तार छैन। यूवा यूवतीहरुको विदेश पलायन तीव्र छ। खेतियोग्य जमिन बाँझो छ। कोभिड १९ को कारण देशको सम्पूर्ण क्षेत्र प्रभावित छ। यस्तो विषम परिस्थितिमा पनि अनेकौं चुनौती र अप्ठ्याराहरुसंग जुध्दै संस्था अघि बढ्दै आफ्नो सेवाहरु विस्तार गर्दै गरेको यस वित्तीय संस्थाको यथार्थ स्थितिको जानकारी यस वार्षिक प्रतिवेदनमा संलग्न लेखापरीक्षण प्रतिवेदनवाट हुनेनै छ। तरपनि गत आर्थिक वर्षको तुलनामा यो आर्थिक वर्षको संक्षिप्त कार्य प्रगति निम्नानुसार रहेको व्यहोरा संचालक समिति यहाँहरु समक्ष अवगत गराउन चाहान्छ।

| क्र.सं | विवरण | आ.व. २०७५/२०७६ | आ.व. २०७६/२०७७ | बृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | शेयर पूँजी तथा जगेडा कोषहरु | रु ९,५८,०८,५२२.२२ | रु २७,६३,३१,८८८.१४ | १८८.४२ |
| २ | तिर्न बाँकी कर्जा सापट | रु ८४,६६,११,६३१.२२ | रु १,२२,७८,६५,७१६.५४ | ४५.०३ |
| ३ | निक्षेप दायित्व | रु २८,००,२२,३४२.७५ | रु ४५,५३,५१,१६८.४४ | ६२.६१ |
| ४ | कर्जा सापट | रु १,१८,१५,८९,०८९.९९ | रु १,७०,८४,२२,९२२.९६ | ४४.५९ |
| ५ | खुद मुनाफा | रु १,८२,८०,८९९.८९ | रु ३,९५,१३,८७२.८७ | ११६.१५ |
| | **सेवा विस्तार** | | | |
| १ | शाखा संख्या | ४० | ६० | ५० |
| २ | जिल्ला | १४ | २२ | ५७.१४ |
| ३ | सदस्य संख्या | ३३,२०३ | ४६,७१५ | ४०.७० |
| ४ | ऋणी संख्या | १८,५९२ | २५,०६२ | ३४.८० |
| ५ | कर्मचारी संख्या | १८२ | २२३ | २२.५३ |

### २. संस्थागत सुशासन :

संस्थागत सुशासनलाई बोलीको साथै कागजमा मात्र सिमित नभई ब्यवहार र दैनिक क्रियाकलापमा लागु गर्नुपर्छ भन्नेमा सञ्चालक समिति स्पष्ट छ। संस्थागत सुशासनको स्तरलाई उच्च राख्ने कुरामा संचालक समितिले ब्यवस्थापनलाई निरन्तर रुपमा निर्देशित गरिरहेको छ। फलस्वरुप वित्तीय संस्थाले सञ्चालन गरेका क्रियाकलापहरु पारदर्शी एवं नियमसंगत छन् र नेपाल राष्ट्र बैंक तथा अन्य नियामक निकायवाट समय समयमा निर्देशित भएका नीति निर्देशनलाई सजग भई पालना गरिएको छ।

### ३. संस्थागत सामाजिक उत्तरदायित्व :

यस संस्थाले दुर्गम वस्तीहरूका विपन्न परिवारका समूदायहरूलाई समूहमा आबद्ध गराएर सामाजिक, आर्थिक तथा जातीय विभेदले पारेका दुरगामी असरहरू न्यून गर्ने र ग्रामीण समूदायहरूमा वित्तीय साक्षरता कार्यक्रमहरू सञ्चालन एवं वित्तीय सचेतना बृद्धि गर्दै आईरहेको छ। संस्थाले कोभिड १९ प्रतिकार्य सहयोग स्वरुप स्थानिय निकायहरुलाई मास्क, स्यानीटाईजर, ग्लोबस् उपलब्ध गराउनुको साथै गत वर्ष सामाजिक उत्तरदायित्व कोषमा वाँकी रहेको रु ६३,२५५.७२ रकम राज्यको कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोषमा दाखिला गरिएको छ। संस्थाको वार्षिकोत्सवको अवसरमा गोरखा स्थित मानब सेवा आश्रममा आवद्ध असाहयहरूलाई खाद्यन्य उपलब्ध गराई सामाजिक उत्तरदायित्वको वहन गरेको आदरणीय शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदछु। यसैगरी यस वित्तीय संस्थाले विगत देखिनै संस्थासंग आवद्ध ऋणी सदस्यको मृत्यु भएमा निजको बाँकी ऋण रकम मिनाहा, समूहमा आवद्ध महिला सदस्यहरू सुत्केरी हुँदा दुई सन्तानसम्म पोषणका लागि सुत्केरी स्यहार खर्च, ग्राहक सदस्यको श्रीमान्को मृत्यु हुँदा काजक्रिया खर्च प्रदान गरी सामाजिक उत्तरदायित्व बहन गर्दै आएको छ। वित्तीय संस्थाले नाफाको १ प्रतिशत रकम ग्राहक संरक्षण कोष खडा गरी राखेको र सो कोषबाट भविष्यमा ग्राहकहरूको हितमा आवश्यकता अनुसार सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै आगामी दिनमा संस्थाको मुनाफाको बृद्धिसंगै सामाजिक उत्तरदायित्वको भूमिका अझ बढि शसक्त बनाउदै लगिने व्यहोरा यहाँहरू समक्ष जानकारी गराउन चाहन्छु।

### ४. मर्जर तथा एक्विजिशन :

उपस्थित महानुभावहरू, संस्था स्थापना समय देखिनै संस्थाले लिएको उदेश्य अनुरुप दोस्रो वर्ष भित्रै अर्को एक वित्तीय संस्था संग एक भई राष्ट्रियस्तरको वित्तीय संस्थामा स्तरोन्नती हुनुको साथै संस्थाको पूँजी बृद्धि गर्न सफल भयौं भने हामीले स्थापना समयमा नै संस्थालाई केही समय भित्र लघुवित्त क्षेत्रको एउटा अग्रणी संस्थाको रुपमा स्थापित गर्नुपर्छ भनेर देखेको सपना पूरा गर्नको लागि अझैं पूँजी बृद्धि गर्नुपर्ने, शाखा सञ्जालको साथै सेवा विस्तार गर्नुपर्ने, ब्यवस्थापनलाई अझै मजबुद बनाउनुपर्ने जस्ता कार्यहरुलाई निरन्तरता दिनुपर्ने छ। त्यसको एउटा बलियो विकल्प मर्जर वा एक्विजिशन हुन सक्ने सोचका साथ समिक्षा आ.व.मा पनि हामीले यहाँहरुको स्वीकृतिमा केहि अभ्यास गर्न सफल भयौं। यस कार्यमा हाम्रा मर्जर तथा एक्विजिशन कमिटिका साथीहरुको उत्साहपुर्ण सक्रियता र भूमिका रहेको महशुष गरेका छौं। उक्त कार्यको लागि सञ्चालक समिति हार्दिक आभार साथै धन्यवाद ब्यक्त गर्दछ।

शेयरधनी महानुभावहरु, मर्जर तथा एक्विजिशन हाम्रो संस्थागत सपना पूरा गर्नको लागि मात्रै पनि हैन। यो सिंगो लघुवित्त क्षेत्रको आवश्यकता, नियमन निकायको चाहाना र समग्र वित्तीय क्षेत्रमा देखापरेको नयाँ परिवेशले निर्देशित गरेको आवश्यकता हो। त्यसैले आगामी दिनहरुमा पनि मर्जर वा एक्विजिशन अभ्यासको प्रक्रियालाई निरन्तरता दिनलाई यहाँहरुको पूर्ण समर्थन रहने छ भन्ने हामीले पूर्ण आशा गरेका छौं।

### ५. सञ्चालक समितिमा भएको हेरफेर र सो को कारण :

आ.व. २०७६/०७७ मा सञ्चालक समितिमा कुनैपनि हेरफेर नभएको र हालको सञ्चालक समिति निम्नानुसार रहेको छ।

| क्र.सं | नाम | पद |
|---|---|---|
| १ | श्री कृष्ण वहादुर थापा | अध्यक्ष |
| २ | श्री डा. नरहरि ढकाल | सञ्चालक |
| ३ | श्री रमेश सापकोटा | प्रतिनिधि सञ्चालक, एन सि सि बैंक लि. |
| ४ | श्री राधाकृष्ण भण्डारी | सञ्चालक |
| ५ | श्री अर्जुन कुमार सिं | सञ्चालक |

### ६.आन्तरिक नियन्त्रण प्रणालीको विकास :

वित्तीय संस्थाले नियमनकारी निकायहरुको निर्देशन एवं प्रचलित कानुनहरुको पूर्ण पालना गर्दै संस्थाको ब्यवसाय विस्तारमा आउने विभिन्न किसिमका जोखिमहरुको न्यूनीकरण गर्न आवश्यक पर्ने नीति निर्देशिकाहरु तयार गरि कार्यान्वयनमा ल्याइएको छ। साथै आन्तरिक नियन्त्रण प्रणालीलाई समयानुकुल ब्यवस्थित बनाउदै लैजान आवश्यक पर्ने थप नीति निर्देशिकाहरु तयार गरि कार्यान्वयनमा ल्याई संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई मजवुत राख्न निम्नानुसार समितिहरु सक्रिय रहेका छन्।

**(क) लेखापरीक्षण समिति :** संस्थाका सञ्चालक डा. नरहरि ढकाल संयोजक, सञ्चालक श्री अर्जुन कुमार सिं सदस्य र प्रमुख आन्तरिक लेखापरीक्षण विभाग सदस्य सचिव रहने गरि ३ सदस्यीय लेखापरीक्षण समिति रहेको छ। आ.व २०७६/७७ मा लेखापरीक्षण समितिको बैठक सातपटक बसेको थियो ।

**(ग) कर्मचारी सेवा सुबिधा समिति :** संस्थाका प्रतिनिधि सञ्चालक श्री रमेश सापकोटाको संयोजकत्वमा रहेको कर्मचारी व्यवस्थापन सेवा सुविधा समितिमा लेखा विभाग प्रमुख सदस्य र प्रमुख जनशक्ति विभाग सदस्य सचिव रहनु भएको छ। आ.व. २०७६/७७ मा यो समितिको बैठक तीन पटक बसेको थियो ।

**(घ) सम्पत्ति सुद्धिकरण अनुगमन समिति :** संस्थाका सञ्चालक श्री अर्जुन कुमार सिंको संयोजकत्वमा रहेको यस समितिमा सञ्चालन विभाग प्रमुख सदस्य र वित्त विभाग प्रमुख सदस्य सचिव रहनु भएको छ। आ.व. २०७६/७७ मा यो समितिको बैठक एकपटक बसेको थियो।

यसैगरी आन्तरिक तथा वाह्य लेखापरीक्षक र नेपाल राष्ट्र बैंकबाट भए/गरेका सुधार गर्नुपर्ने निर्देशनहरूलाई क्रमशः सुधार गर्दै लगिएको व्यहोरा जानकारी गराउन चाहान्छु।

**७.मानव संशाधनको विकास तथा व्यवस्थापन :**

नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त कर्मचारी सेवा विनियमावलीको अधिनमा रही वित्तीय संस्थामा कर्मचारीहरूलाई सहयोगी, सहायक, अधिकृत र व्यवस्थापकीय र कार्यकारिणी तहमा विभाजन गरिएको छ। मिति २०७७ आषाढ मसान्त सम्ममा सबै तहमा गरी वित्तीय संस्थामा २२३ जना कर्मचारी कार्यरत रहेका थिए भने २०७७ मंसिर मसान्त सम्म कूल कर्मचारी संख्या २६३ रहेको छ। आफ्ना कर्मचारीहरूलाई दक्ष, गुणस्तर सहितको नतिजामुखी वनाउनका निम्ति संस्थाले उनीहरूलाई बाह्य तथा आन्तरिक तालिम प्रदान गराउँदै आइरहेको छ। तथापी कोभिड १९ को प्रभावको कारण योजना अनुसारको तालिम तथा गोष्ठी सञ्चालन गर्न नसकिएको कुरा अवगत गराउन चाहन्छौं। वित्तीय संस्थाले नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायहरूले संचालन गर्दै आएको बिभिन्न कार्यशाला गोष्ठी, सेमीनार तथा प्रशिक्षण कार्यक्रमहरूमा यस वित्तीय संस्थाका सञ्चालक तथा कर्मचारीहरूलाई सहभागी गराउदै आईरहेको छ। यसका अलवा संस्थाले कर्मचारीहरूको काम अनुसारको प्रोत्साहन सुविधामा वृद्धि गरी उनीहरूको मनोवल उच्च गराई अझ उत्प्रेरित भएर काम गर्ने वातावरण सिर्जना गराउनको लागि विभिन्न किसिमका योजनाहरू लागू गर्दै आएको छ। राम्रो कार्य गर्ने कर्मचारीहरूलाई पुरस्कार र पदोन्नतिको माध्यमबाट थप प्रोत्साहित गर्नको लागि उचित कार्य सम्पादन प्रणालीको प्रयोग गरी भविष्यमा यसलाई अझ व्यवस्थित गर्दै लैजाने संस्थाको नीति रहेको छ।

**८.कर्मचारी बोनस व्यवस्था :**

आ.व. २०७६/०७७ को मुनाफाबाट कर्मचारी बोनस ऐनमा व्यवस्था भए बमोजिम रू.५६,४७,६९१.४५ कर्मचारीहरूलाई बोनस वितरण गर्नका लागि छुट्याईएको छ।

**९.लघुवित्त कारोबारलाई असर पारेका कुराहरू :**

(क) बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप तथा कर्जामा हुने उतारचढाव तथा परिवर्तनको कारण लक्षित मुनाफामा असर।

(ख) नियमनकारी निकायबाट समय समयमा नीति नियम परिबर्तन गर्दा त्यसले वित्तीय संस्थाको व्यवसाय र भावी रणनीतिमा असर।

(ग) लघुवित्त वित्तीय संस्थाहरू विच प्रतिस्पर्धाको कारण एकै व्यक्तिलाई विभिन्न वित्तीय संस्थाहरूले गरेको लगानीका कारण कर्जाको अधिक भार, दोहोरोपनामा बृद्धी, कर्जाको दुरुपयोग, कर्जा समयमा नतिर्ने आदि जस्ता असरहरू बढ्दो।

(घ) कर्मचारीहरूमा छोटो समयमै संस्था परिवर्तन गर्ने प्रवृत्ती बढेकोले कर्मचारीलाई लामो समय सम्म टिकाउन नसकिने तथा वित्तीय संस्थाहरुको सेवाको साथै शाखा विस्तारको कारण दक्ष जनशक्तिको अभाव देखिनु साथै ग्रामिण भेगमा गई फिल्डमा कार्य गर्न कठिन हुने भएकाले व्यक्तिहरू लघुवित्त क्षेत्रमा आउन कम रुची देखाउनु।

(ङ) वित्तीय संस्थाले शाखा विस्तार गरेका केही गाउँपालिकाहरूमा इन्टरनेट, मोटरबाटो, टेलिफोन, बिजुलीबत्ती आदि जस्ता आधारभूत पूर्वाधारहरूको समेत पर्याप्त व्यवस्था नभइसकेको अवस्थाले दैनिक कार्यसञ्चालनमा असहज।

(च) प्राकृतिक विपत्ति, माहमारी लगायत अन्य गैर राजनीतिक घटनाक्रमको कारण नियमित कार्यसञ्चालनमा असर।

(छ) सेवाग्राही सदस्यहरूमा व्यावसायिक सीप र क्षमतामा कमी तथा वित्तीय साक्षरताको अभावका कारण ब्यवसाय बृद्धिमा समस्या।

(ज) लघुवित्त कार्यक्रम विस्तार तथा सञ्चालन लागतमा उच्च।

**१०.प्रविधि उपयोग :**

वित्तीय संस्थाले दैनिक कारोवारलाई चुस्त दुरुस्त र छिटो छरितो रुपमा व्यवस्थित गराउन आवश्यक प्रविधिको व्यवस्था गरेको छ। ग्राहक सदस्यहरूको बदलिदो चाहाना, चेतनाको स्तर, ग्रामीण क्षेत्रमा पनि सूचना संचार प्रविधिको उपलब्धता तथा प्रयोग, प्रतिस्पर्धात्मक वातावरण जस्ता अवस्थाहरूलाई बिश्लेषण गरी यस वित्तीय संस्थाले प्रविधिको नयाँ प्रयोगबाट सदस्यहरूलाई अझ छिटो छरितो सेवा प्रवाह गर्ने तर्फ वित्तीय संस्था क्रियाशिल रहेको छ। यसका निम्ति वित्तीय संस्थाले हाल प्रयोग गरिरहेको बैंकिङ सिस्टमलाई परिष्कृत गर्दै आईरहेको छ। जस अन्तर्गत वित्तीय संस्थाले आर्थिक वर्ष २०७५/७६ देखिनै एस.एम.एस नोटिफिकेशन सेवा सञ्चालन गर्दै आइरहेको छ। आगामी दिनमा लघुवित्त कार्यक्रमलाई थप प्रविधि मैत्री बनाउँदै लैजानका लागि थप इलेक्ट्रोनिक बैंकिङ सेवाहरू जस्तै मोवाईल बैंकिङ, ट्यावलेट बैंकिङ, एबिबिएस बैंकिङ जस्ता सुविधाहरू थप गरी सदस्यहरूलाई दिइने सेवा अझ सुलभ र सरल बनाइनेछ। यसको सफल प्रयोगबाट संस्थाको कारोवार पारदर्शी हुनुको साथै वित्तीय संस्था प्राविधिक रुपमा अझ सबल हुने विश्वास गरिएको छ।

**ग.प्रतिवेदन तयार भएको मितिसम्म चालु आर्थिक वर्षको उपलब्धी तथा भविष्यका लक्ष्यहरू :**

**१.चालु आर्थिक २०७६/०७७ को संक्षिप्त उपलब्धी तथा भावी ब्यवसायिक योजना :**

स्थापनाकाल देखि नै यस संस्थाले कर्मचारीहरूको मनोबल उच्च राखी सक्रियताका साथ काम गर्ने वातावरण निर्माण गर्न, गाउँदेखि शहरसम्मका विपन्न परिवारलाई सामूहिक तथा धितो जमानीमा स्थानीयस्तरमा नै कर्जा तथा अन्य बैंकिङ्ग सेवा उपलब्ध गराउन, विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट विपन्न वर्गमा कर्जा लगानी गर्नका निम्ति आवश्यक सापटी रकमको व्यवस्था गर्न, संस्थागत सुशासनलाई सर्वोपरी मानेर कार्य गर्न संस्था क्रमशः सफल हुँदै गएको छ। चालु आ.ब.को मंसिर मसान्तको वित्तीय विवरण निम्नानुसार रहेको छ।कर्मचारी संख्याः २६३, शाखा संख्या : ७०, सदस्य संख्या : ५५,१९०, लगानीमा रहेको रकम : २,५५,०२,१९,२४५.७९, बचत रकम : ५९,०६,७३,१७४.८४ र खुद मुनाफा : २,६९,६६,८७१.८९

**आगामी ३ वर्षको व्यव ायिक योजना**

| क्र.सं | विवरण | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० |
|---|---|---|---|---|
| १ | जिल्ला संख्या | २५ | ३५ | ४५ |
| २ | शाखा संख्या | ७० | ९८ | १२७ |
| ३ | कर्मचारी संख्या | २८३ | ३७१ | ५४५ |
| ४ | सदस्य संख्या | ७१,२४४ | १०५,८४० | १,३७,५९२ |
| ५ | ऋणी संख्या | ४३,८७८ | ६५,६२१ | ८५,३०७ |
| ६ | निक्षेप दायित्व | रू. ८९,००,१३,४७१.०० | रू. १,५३,०३,४५,४७१.०० | रू. २,३६,२७,७७,०७१.०० |
| ७ | कर्जा सापट | रू. ३,०९,८७,५२,११६.०० | रू. ४,७२,४६,९७,६००.०० | रू. ६,२२,७४,१३,९२०.०० |
| ८ | खुद नाफा | रू. ५,२२,६३,६७४.०० | रू. ७,०८,१९,०९६.०० | रू. ८,६७,९४,४२०.०० |

माथि उल्लेखित व्यवसायिक योजना विश्लेषण गर्दा वित्तीय संस्थाको भविष्य उत्साहजनक नै देखिन्छ। चालु आर्थिक वर्ष २०७७/७८ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा वित्तीय संस्थाले कार्यक्रमको गुणस्तर कायम राखी संस्थागत बृद्धि तथा विस्तार हासिल गर्ने लक्ष्य लिएको छ। आगामी वर्षहरूमा वित्तीय संस्थाको व्यवसायिक योजना अन्तर्गत प्रक्षेपित विवरण र बजारको अवस्था हेरी सञ्चालक समितिले व्यवस्थापनबाट प्रस्तुत हुने वार्षिक बजेटहरूलाई आधार बनाई व्यवसाय वृद्धि गर्दै लगिने छ।

**२.अन्य भावी कार्यक्रहरू (लक्ष्यहरू) :**

(क) ग्राहक सदस्यहरुको चाहना र आवश्यकता बमोजिम बचत तथा कर्जा र अन्य सेवाहरुमा विविधीकरण गर्दै लगिनेछ।

(ख) लगानीमा हुनसक्ने जोखिमलाई कम गर्न सदस्यहरूको पशुपंक्षी, बालीनाली तथा आवश्यकता अनुसारको अन्य बिमा गर्नका लागि निर्जीवन बीमा कम्पनीहरूसंग सहकार्य गरिनेछ। साथै, सदस्यले लिएको कर्जाको जोखिमलाई कम गर्न निक्षेप तथा कर्जा सुरक्षण कोषसँग सहकार्य गरिने छ।

(ग) वित्तीय संस्थाले लघुवित्त सेवालाई प्रविधि मैत्री बनाउँदै लैजानका लागि इलेक्ट्रोनिक बैंकिङ सेवाहरू जस्तै मोबाइल बैंकिङ, ट्र्यावलेट बैंकिङ, एबिबिएस जस्ता कार्यक्रमहरू थप गर्दै लाने योजना रहेको छ।

(घ) वित्तीय संस्थाले वार्षिक रुपमा सदस्यहरूको गोष्ठी आयोजना गरी उनीहरूको चाहाना र आवश्यकता अनुसारको कर्जा, बचत तथा अन्य सेवालाई समय सापेक्ष हुने गरी वित्तीय संस्थाको हितलाई पनि ध्यान दिंदै परिमार्जन गर्दै लगिने छ। साथै वित्तीय साक्षरता कार्यक्रमलाई अभियानको रुपमा समयानुकुल अगाडि बढाईने छ।

(ङ) वित्तीय संस्थाले विभिन्न रेमिट्यान्स कम्पनीहरूको सबएजेण्ट (Sub Agent) भई देशभित्र रकम पठाउन तथा पाउन र विदेशबाट पठाएको रकम भुक्तानी गर्ने व्यवस्था गरिसकेकोमा त्यसलाई निरन्तरता दिनेछ। साथै वित्तीय संस्थाले आफ्नो सफ्टवयर सिष्टमबाट आन्तरिक रेमिट्यान्स सेवा समेत सञ्चालन गर्ने योजना वनाएको छ।

(च) वित्तीय संस्थाका शाखा कार्यालयहरूमा आवद्ध ग्राहक सदस्यहरू वा निजहरूको एकाघरका सदस्यहरूलाई स्थानिय सहजकर्ताको रुपमा परिचालन गरी लघुवित्त कार्यक्रम लाई अझ प्रभावकारी रुपमा अघि बढाउँदैं स्थानीय स्तरमा स्वरोजगारको सृजना गरिनेछ।

(छ) विभिन्न अन्तराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरू बिच समन्वय कायम गरी ग्राहक सदस्यहरूलाई तालिम, सेमिनार, गोष्ठी तथा अर्न्तक्रियात्मक कार्यक्रमहरूमा सहभागी बनाईने छ। साथै वित्तीय संस्थाले ग्राहक संरक्षण कोष तथा निर्धारित बजेटभित्र रहेर सदस्यहरूको तालिम तथा विकास र सामाजिक सुरक्षाका विभिन्न राहात कार्यक्रमहरूमा खर्च गर्ने नीति लिएको छ।

(ज) कर्मचारीहरूलाई दक्ष बनाउन समय समयमा तालिम तथा गोष्ठी र सेमिनारहरूको आयोजना गर्ने, अर्न्तराष्ट्रिय अभ्यासहरूको अवलोकन तथा भ्रमणमा सरिक गराइने जस्ता कार्यक्रम सञ्चालन गरिने छ।

(झ) शेयरधनीहरुलाई लगानीको उचित प्रतिफल दिन निरन्तर रुपमा व्यवसाय वृद्धि गर्नेतर्फ ध्यान दिइनेछ।

# साधना लघुवित्त वित्तीय संस्था लि.

२०७७ साल असार मसान्तको

वासलात

| पुंजी तथा दायित्व | अनुसूची | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|---|
| १. शेयर पूंजी | ४.१ | २५६,९८०,४००.०० | ७३,५००,०००.०० |
| २. जगेडा तथा कोषहरू | ४.२ | १९,३५१,४८८.१४ | २२,३०८,५२२.२२ |
| ३. ऋणपत्र तथा बन्ड | ४.३ | - | - |
| ४. तिर्न बांकी कर्जा सापट | ४.४ | १,२२७,८६५,७१६.५४ | ८४६,६११,६३१.२२ |
| ५. निक्षेप दायित्व | ४.५ | ४५५,३५१,१६८.४४ | २८०,०२२,३४२.७५ |
| ६. प्रस्तावित नगद लाभांश | | २,०६३,१७८.९५ | - |
| ७. आयकर दायित्व | | - | - |
| ८. अन्य दायित्व | ४.६ | २२,४६९,७९८.५५ | ११,७३६,३६३.३९ |
| **कुल पुंजी तथा दायित्व** | | **१,९८४,०८१,७५०.६२** | **१,२३४,१७८,८५९.५८** |

| सम्पति | अनुसूची | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|---|
| १. नगद मौज्दात(सिक्का समेत) | | ८८५,६९१.०० | २०५,४८६.०० |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | | - | - |
| ३. बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ४.७ | २३४,२०९,७८३.९३ | ३७,४४४,०१५.२१ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ४.७ | - | - |
| ५. लगानी | ४.८ | - | - |
| ६. कर्जा सापट | ४.९ | १,७०८,४२२,९२२.९६ | १,१८१,५८९,०८९.९९ |
| ७. स्थिर सम्पत्ति | ४.१० | १६,७३७,०७८.०० | १०,१२१,०४७.९८ |
| ८. गैरबैंकिङ्ग सम्पत्ति | ४.११ | - | - |
| ९. अन्य सम्पत्ति | ४.१२ | २३,८२६,२७४.७३ | ४,८१९,२२०.४० |
| **कुल सम्पत्ति** | | **१,९८४,०८१,७५०.६२** | **१,२३४,१७८,८५९.५८** |
| | | | |
| सम्भावित दायित्व | अनुसूची ४.१३ | | |
| सञ्चालकहरूको घोषणा | अनुसूची ४.२३ | | |
| पुंजीकोष तालिका | अनुसूची ४.२४ | | |
| जोखिम भरित सम्पत्ति विवरण तालिका | अनुसूची ४.२४(क) | | |
| प्रमुख सूचकाङ्कहरू | अनुसूची ४.२५ | | |
| प्रमुख लेखा नीतिहरू | अनुसूची ४.२६ | | |
| लेखा सम्बन्धि टिप्पणीहरू | अनुसूची ४.२७ | | |

*४.१ देखी ४.१३ सम्मको अनुसुचीहरू वासलातका अभिन्न अंग हुन् ।*

आजको हाम्रो संलग्न प्रतिवेदन अनुसार

श्री कृष्ण बहादुर थापा
अध्यक्ष

डा. नरहरि ढकाल
संचालक

श्री रमेश सापकोटा
संचालक

सि.ए. आनन्द अधिकारी
साझेदार
ए. के. जि एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

श्री राधाकृष्ण भण्डारी
संचालक

श्री अर्जुन कुमार सिं
संचालक

श्री रेशम न्यौपाने
प्रमुख कार्यकारी अधिकृत

श्री रूपेश कुमार झा
प्रमुख वित्तीय अधिकृत

# साधना लघुवित्त वित्तीय संस्था लि.

मिती २०७६ साल श्रावण ०१ देखि २०७७ साल असार मसान्त सम्म
नाफा नोक्सान हिसाव

| विवरण | अनुसूची | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|---|
| १. ब्याज आम्दानी | ४.१४ | २८४,९९२,७८३.८१ | ११३,८२३,५४७.३० |
| २. ब्याज खर्च | ४.१५ | १४४,६४४,८९२.९५ | ६७,५२९,७५४.४७ |
| **खुद ब्याज आम्दानी** | | **१४०,३४७,८९०.८६** | **४६,२९३,७९२.८३** |
| ३. कमिशन तथा अन्य सञ्चालन आम्दानी | ४.१६ | ४६,६८२,३८८.२१ | ३०,६८५,४७८.३५ |
| ४. सटही घटबढ आम्दानी | | - | - |
| **कुल सञ्चालन आम्दानी** | | **१८७,०३०,२७९.०७** | **७६,९७९,२७१.१८** |
| ५. कर्मचारी खर्च | ४.१७ | ६५,२२०,९८९.०० | ३०,८५२,५६६.०० |
| ६. अन्य सञ्चालन खर्च | ४.१८ | ३०,९३९,३२८.०३ | १४,९१८,७३६.४१ |
| ७. सटही घटबढ नोक्सान | | - | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | | **९०,८६९,९६२.०४** | **३१,२०७,९६८.७७** |
| ८. सम्भावित नोक्सानी व्यवस्थाहरू | ४.१९ | ५६,२५७,०४७.८७ | ५,९३८,१८९.९५ |
| **सञ्चालन मुनाफा** | | **३४,६१२,९१४.१७** | **२५,२६९,७७८.८२** |
| ९. गैर सञ्चालन आम्दानी/खर्च | ४.२० | - | - |
| १०. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ४.२१ | २७,५११,६९१.७५ | १४७,८२८.५० |
| **नियमित कारोवारबाट भएको मुनाफा** | | **६२,१२४,६०५.९२** | **२५,४१७,६०७.३२** |
| ११. असामान्य कारोवारहरूबाट भएको आम्दानी/खर्च | ४.२२ | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | | **६२,१२४,६०५.९२** | **२५,४१७,६०७.३२** |
| १२. कर्मचारी बोनस व्यबस्था | | ५,६४७,६९१.४५ | २,३१०,६९१.५७ |
| १३. आयकर व्यवस्था | | | |
| यस वर्षको कर व्यवस्था | | १७,२७०,५७५.४९ | ७,०६६,०६२.२० |
| विगत वर्षसम्मको कर व्यवस्था | | - | - |
| यस वर्षको स्थगन कर आम्दानी / खर्च | | (३०७,५३३.८९) | (२,२४०,०४६.३४) |
| **खुद नाफा/नोक्सान** | | **३९,५१३,८७२.८७** | **१८,२८०,८९९.८९** |

श्री कृष्ण बहादुर थापा
अध्यक्ष

डा. नरहरि ढकाल
संचालक

श्री रमेश सापकोटा
संचालक

सि.ए. आनन्द अधिकारी
साझेदार
ए. के. जि एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

श्री राधाकृष्ण भण्डारी
संचालक

श्री अर्जुन कुमार सिं
संचालक

श्री रेशम न्यौपाने
प्रमुख कार्यकारी अधिकृत

श्री रूपेश कुमार झा
प्रमुख वित्तीय अधिकृत

# साधना लघुवित्त वित्तीय संस्था लि.

## नाफा नोक्सान बांडफांड हिसाव

मिती २०७६ साल श्रावण ०१ देखि २०७७ साल असार मसान्त सम्म

| विवरण | | अनुसूची | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|---|---|
| **आम्दानी** | | | | |
| १. | गत वर्षसम्मको सञ्चित मुनाफा | | ५,२०५,९२६.९६ | ३४,२७६.७३ |
| २. | यस वर्षको मुनाफा | | ३९,५१३,८७२.८७ | १८,२८०,८९९.८९ |
| ३. | सटही घटबढ कोष | | - | - |
| ४. | आर्थिक समृद्धी लघुवित्त वित्तीय संस्था मर्जर बाट | | - | (६,९१४,५०२.१४) |
| ५. | पुंजीगत जगेडा कोष | | ६,१२५,०००.०० | - |
| ६. | संस्थागत सामाजिक उत्तरदायीत्व कोष उपयोग | | १२०,५१०.०० | - |
| | **जम्मा** | | **५०,९६५,३०९.८३** | **११,४००,६७४.४८** |
| **खर्च** | | | | |
| १. | गत वर्षसम्मको सञ्चित नोक्सान | | - | - |
| २. | यस वर्षको नोक्सान | | - | - |
| ३. | साधारण जगेडाकोष | | ७,९०२,७७४.५७ | ३,६५६,१७९.९८ |
| ४. | भैपरी आउने जगेडा | | - | - |
| ५. | संस्था विकास कोष | | - | - |
| ६. | लाभाँश समीकरण कोष | | - | - |
| ७. | कर्मचारी सम्बन्धी जगेडाहरु | | - | - |
| ८. | प्रस्तावित लाभाँश | | २,०६३,१७८.९५ | - |
| ९. | प्रस्तावित बोनस शेयर | | ३९,२००,४००.०० | - |
| १०. | विशेष जगेडा कोष | | - | - |
| ११. | सटही घटबढ कोष | | - | - |
| १२. | पुंजी फिर्ता जगेडा कोष | | - | - |
| १३. | पुंजी समायोजन कोष | | - | - |
| १४. | ग्राहक संरक्षण कोष | | ३९५,१३८.७३ | १८२,८०९.०० |
| १५. | कर्मचारी दक्षता अभिबृद्धि कोष | | - | - |
| १६. | संस्थागत सामाजिक उत्तरदायित्व कोष | | ३९५,१३८.७३ | १८२,८०९.०० |
| १७. | स्थगन कर जगेडा | | ३०७,५३३.८९ | २,१७२,९४९.५४ |
| | **जम्मा** | | **५०,२६४,१६४.८७** | **६,१९४,७४७.५२** |
| १८. | सञ्चित मुनाफा/(नोक्सान) | | ७०१,१४४.९६ | ५,२०५,९२६.९६ |

| | | | |
|---|---|---|---|
| श्री कृष्ण बहादुर थापा<br>अध्यक्ष | डा. नरहरि ढकाल<br>संचालक | श्री रमेश सापकोटा<br>संचालक | सि.ए. आनन्द अधिकारी<br>साझेदार<br>ए. के. जि एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |
| श्री राधाकृष्ण भण्डारी<br>संचालक | श्री अर्जुन कुमार सिं<br>संचालक | श्री रेशम न्यौपाने<br>प्रमुख कार्यकारी अधिकृत | श्री रूपेश कुमार झा<br>प्रमुख वित्तीय अधिकृत |

Regd. No. 624
PAN No.: 610787962

AKG ASSOCIATES
CHARTERED ACCOUNTANTS

## साधना लघुवित्त वित्तिय संस्था लि.

**शेयरधनि महानुभावहरु समक्ष**

**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

### १. वित्तिय विवरण उपर प्रतिवेदन

हामिले यस साधना लघुवित्त वित्तिय संस्था लि. (लघुवित्त) को मिति २०७७।०३।३१ मा समाप्त भएको आ.व. २०७६।७७ को वित्तिय विवरणको लेखापरीक्षण गरी सो को प्रतिवेदन पेश गरेका छौं । उक्त वित्तिय विवरण अन्तर्गत आषाढ ३१, २०७७ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बांडफांड हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरिक्षण समावेश भएका छन् ।

**वित्तिय विवरण उपर लेखापरिक्षकको राय**

हाम्रो रायमा, आषाढ ३१, २०७७ मा समाप्त भएको आर्थिक वर्षको वित्तिय विवरणहरु नियमन निकायको आवश्यकता अनुरुप यथार्थ चित्रण गर्दछन्, तथा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गरीएका छन् । यसै प्रतीवेदनको बुंदा नं. २ मा उल्लेख भएको "मन्तव्य दिन अस्विकार गर्नुको आधार" हरफमा उल्लेखित कुराहरुको महत्वको कारण वित्तीय विवरणहरु माथि राय व्यक्त गर्नका निमित्त पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गर्न हामी असमर्थ रहेकाले हामी यस लघुवित्त वित्तीय संस्थाको आ.व. २०७६।७७ को वित्तीय विवरणहरु उपर कुनै राय व्यक्त गर्दैनौ ।

### २. मन्तव्य दिन अस्विकार गर्नुको आधार

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले आ.व. २०७३।७४ बाट लघुवित्त संस्थाहरुलाई समेत लागु हुने गरि वित्तिय विवरण प्रतिवेदन आधार नेपाल लेखामान बाट, नेपाल वित्तिय विवरण प्रतिवेदनमान (Nepal Financial Reporting Standard) मा परिवर्तन गरेको छ । यद्यपी संलग्न गरिएका वित्तिय विवरण, लघुवित्तले नेपाल राष्ट्रबैंकद्धारा जारी निर्देशन बमोजिम तयार गरेको छ ।

वित्तिय विवरण नेपाल वित्तिय विवरण प्रतिवेदनमान (एन.एफ.आर.एस.) अनुसार तयार नगर्दाको प्रभाव अनिश्चित र सोको कुल प्रभाव सारभुत तथा व्यापक समेत हुन सक्दछ ।

### ३. विषयगत जोड

हाम्रो रायमा परिमार्जन नगरी वित्तिय विवरणको अनुसुचि ४.२६ मा उल्लेखित लेखा नीति को बुंदा नं. १ को अन्तिम अनुच्छेदमा ध्यानाकृष्ट गर्न चाहन्छौं । उक्त बुंदामा उल्लेख गरिएका जानकारी तथा निर्देशनका कारण परिमार्जित लेखा परिक्षण प्रतिवेदन जारी गर्नु परेको हो । तसर्थ यस प्रतिवेदनले लघुवित्तको मिति २०७७।०८।२५ मा जारि गरिएको हाम्रो लेखा परिक्षण प्रतिवेदन लाई प्रतिस्थापन गरेको छ ।

KUPONDOLE, LALITPUR, NEPAL, 01-5260219
Email: info@akgca.com.np

४. वित्तिय विवरणप्रति व्यवस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व

प्रचलित कानुनको अधीनमा रही नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनूसार यी वित्तिय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरीक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट सारभुत किसिमले त्रुटीरहीत वित्तिय विवरण तयार गर्ने, आन्तरीक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, कार्यान्वयन र संचालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन र लेखा नीतिहरुको छनौट तथा लागु गर्ने एवम् परिस्थिती अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तिय विवरणहरु तयार गर्दा लघुवित्तको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरियता विचार गर्नुपर्ने वा अविछिन्नतासंग सम्बन्धित जानकारीहरु खुलासा गर्ने दायित्व लघुवित्तको व्यवस्थापनमा रहेको छ ।

लघुवित्तको वित्तिय प्रतिवेदन प्रकृया सम्बन्धी जिम्मेवारी शासकीय व्यवस्था बहन गर्ने अख्तियारीमा रहेको हुन्छ ।

५. वित्तिय विवरणप्रती लेखापरीक्षकको जिम्मेवारी

लेखापरिक्षणको आधारमा यी वित्तिय विवरणहरु उपर राय व्यक्त गर्नु हाम्रो दायित्व हो । हामीले नेपाल लेखापरीक्षणमान बमोजीम लेखापरिक्षण सम्पन्न गरेका छौं । उक्त लेखामानबाट तोकेको आचारसंहीता पालना गरी वित्तिय विवरणहरु सारभुत रुपमा त्रुटी रहित छ भन्ने कुरामा विश्वस्तुहन लेखापरिक्षणमान अनुसार लेखापरिक्षण योजना तयार गरि सो अनुसार लेखापरिक्षण सम्पन्न गर्नु पर्दछ ।

वित्तिय विवरणका आंकडा तथा खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाण प्राप्त गर्ने विधि लेखापरीक्षणमा अपनाईएको हुन्छ । लेखापरिक्षणमा अपनाउने विधि हाम्रो फैसलामा निर्भर गर्दछ र सोही विधिको आधारमा जालसाजी वा गल्तिको जोखीमबाट सारभुत रुपमा वित्तिय विवरणका आंकडाहरु गल्ति रहित छ भन्ने व्यहोरा निर्धारण गर्दछ । उल्लेखीत जोखिम निर्धारण गर्दा कम्पनीको वित्तिय विवरणको तयारी र खुलाईएका विवरण सम्बन्धमा अपनाएको आन्तरीक नियन्त्रणको प्रभावकारीताको विचार गरी मौजुदा परिस्थिती अनुसार लेखापरिक्षण गर्नको लागि हुने छैन । कम्पनीले अवलम्बन गरेको लेखा सिद्धान्तको उपयुक्तता व्यवस्थापनले गरेको वित्तिय अनुमानको औचित्यताका साथै वित्तिय विवरण प्रस्तुततीको समग्र स्थितीको मुल्यांकन पनि लेखापरिक्षणमा समावेश हुन्छ । लेखापरिक्षणमा उपलब्ध गरेका जानकारीले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

६. अन्य कानुनी र नियमहरुको व्यवस्था सम्बन्धमा प्रतिवेदन

हामीद्वारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

(क) हामीले लेखापरिक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं ।

(ख) हाम्रो रायमा यो प्रतिवेदनसंग सम्बन्धित आषाढ ३१, २०७७ को संस्थाको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बांडफांड हिसाब, इक्विटीमा भएको

परिवर्तनको विवरण, नगद प्रवाह विवरण, लेखा सम्बन्धि विवरण र संलग्न अनुसुचिहरु नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गरिनुका साथै लघुवित्तले राखेको हिसाब किताब, बहीखाता श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।

(ग) लघुवित्तले श्रम ऐन २०७४ बमोजीम उपदान तथा सञ्चयकोष सम्बन्धि व्यवस्थाको पुर्ण परिपालना तथा एन.एफ.आर.एस. को परिपालना बाहेक हिसाबकिताब ऐन बमोजीम ठिकसंग राखेको छ ।

(घ) हाम्रो लेखापरिक्षणको समयमा दिईएको विवरण तथा व्याख्याहरु एवम् लघुवित्तको खाताहरुको नमुना परीक्षण गर्दा लघुवित्तको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतीनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलीत कानुन विपरीत कुनै कार्य गरेको वा लघुवित्तको सम्पत्ति हिनामिना गरेको वा लघुवित्तको हानी नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन ।

(ङ) लघुवित्तले गरेको कार्य आफ्नो कार्यक्षेत्र भित्र रहेको पाईयो ।

(च) हाम्रो रायमा हामीले लेखापरिक्षण गरेका श्रेस्ताहरुको आधारमा लघुवित्तले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजीम पर्याप्त पूंजीकोष राखेको तथा सम्पत्तिमा सम्भावीत नोक्सानीको लागि पर्याप्त व्यवस्था रहेको छ ।

(छ) लघुवित्तले आ.व. २०७६।७७ मा कर्जा अपलेखन गरेको छैन ।

(ज) हाम्रो रायमा हामीले लेखापरिक्षण गरेका श्रेस्ताहरुको आधारमा लघुवित्तले नेपाल राष्ट्र बैंकले दिएको निर्देशन अनुरुप कार्य गरेको छ ।

(झ) लघुवित्तले लगानीकर्ताहरुको हित संरक्षणविरुद्ध कार्य गरेको देखिएन ।

(ञ) लघुवित्तमा लेखा सम्बन्धि कुनै जालसाजी भएको, लघुवित्तको श्रेस्ता र लेखापरिक्षणबाट हाम्रो जानकारीमा आएन ।

(ट) लघुवित्तको शाखाहरुबाट प्राप्त विवरणहरुको स्वतन्त्र लेखापरिक्षण नगरिएको भएतापनी हाम्रो लेखापरिक्षणका लागि पर्याप्त थिए ।

(ठ) COVID–19 को असरका कारण यो प्रतिवेदन तयारीको क्रममा अधिकांश कार्यहरु सुचना प्रविधिको प्रयोगलाई महत्वपुर्ण विकल्पका रुपमा लिई सम्पादन गरिएको छ ।

सि.ए. आनन्द अधिकारी
साझेदार
ए.के.जि. एसोसिएट्स्
चार्टर्ड एकाउन्टेन्ट्स
स्थान: ललितपुर,नेपाल
मिति:२०७७/०९/०६
**UDIN: 201221CA01014GIUVW**

चौंथो वार्षिक साधारणसभाको विशेष प्रस्ताव नं.२ सँग सम्बन्धित

## प्रवन्धपत्रमा प्रस्तावित संशोधनको तिन महले विवरण

| दफा | साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ६(ख) | वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु. २१,७७,८०,०००।- ( अक्षरेपी एक्काईस करोड सतहत्तर लाख असी हजार मात्र ) हुनेछ। सो पुँजीलाई प्रति शेयर रु १००।- दरका २१,७७,८०० (अक्षरेपी एक्काईस लाख सतहत्तर हजार आठसय मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ। | वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु. २५,६९,८०,४००।-(अक्षरेपी पच्चीस करोड उनान्सत्तरी लाख असी हजार चारसय मात्र ) हुनेछ। सो पुँजीलाई प्रति शेयर रु १००।- दरका २५,६९,८०४ (अक्षरेपी पच्चीस लाख उनान्सत्तरी हजार आठसय चार मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ। | वित्तीय संस्थाले १८ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव गरेकोले जारी पूँजी संशोधन गर्नुपर्ने भएकोले। |
| ६(ग) | वित्तीय संस्थाको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पुँजी रु. १४,७०,००,०००।-(अक्षरेपी चौंध करोड सत्तरी लाख मात्र ) हुनेछ। | वित्तीय संस्थाको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पुँजी रु. १७,३४,६०,०००।- ( अक्षरेपी सत्र करोड चौंतीस लाख साठी हजार मात्र ) हुनेछ। | वित्तीय संस्थाले १८ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव गरेकोले जारी पूँजी संशोधन गर्नुपर्ने भएकोले। |

चौंथो वार्षिक साधारणसभाको विशेष प्रस्ताव नं.२ सँग सम्बन्धित

## नियमावलीमा प्रस्तावित संशोधनको तिन महले विवरण

| नियम | साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ३२(१) (ख) | सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले रु १,२००।- र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता रु १,०००।- मात्र हुनेछ। | सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले रु ६,०००।- र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता रु ५,०००।- मात्र हुनेछ। | समय सापेक्ष वृद्धि गर्न आवश्यक भएकोले प्रस्ताव गरिएको। |
| ३२(१) (ग) | वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :-<br>(अ) स्वदेशमा दैनिक भत्ता रु १,०००।-<br>(आ)भारतमा दैनिक भत्ता भा.रु. १,०००।-<br>(इ) भारत वाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर ६०।-<br>(ई) भ्रमण भत्ता विल बमोजिम | वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :-<br>(अ) स्वदेशमा दैनिक भत्ता रु ३,०००।-<br>(आ) भारतमा दैनिक भत्ता भा.रु. ३,०००।-<br>(इ) भारत वाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर १२५।-<br>(ई) भ्रमण/यातायात तथा लज खर्चः विल बमोजिम | समय सापेक्ष वृद्धि गर्न आवश्यक भएकोले प्रस्ताव गरिएको। |